# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

**रामशाहपथ, काठमाडौं, नेपाल**

## कार्यसम्पादन मूल्याङ्कन बढुवाका लागि दरखास्त फाराम भर्ने सम्वन्धी सूचना

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस कम्पनीको कर्मचारी सेवा सर्त सम्वन्धी विनियमावली, २०७४ (पहिलो संसोधन २०७८ सहित) को नियम ६ (१) अनुसार कम्पनीमा रिक्त रहेका देहायका पदहरुमा विनियमावलीको नियम २९ बमोजिंम कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्न दरखास्त दिने अन्तिम मिति सम्ममा विनियमावलीको नियम २७ को उपनियम (१) र (२) बमोजिमको योग्यता पुरा भएका कम्पनीमा कार्यरत संभाव्य कर्मचारीहरुबाट कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको म्यादभित्र दरखास्त फाराम पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रितपूर्वक पेश नभएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| मूल्याङ्कन बढुवा सूचना नं. | पद | तह | पद संख्या |
|---|---|---|---|
| १/२०७८/०७९ | नायब प्रमुख कार्यकारी अधिकृत | ११ | २ |
| २/२०७८/०७९ | मुख्य व्यवस्थापक | १० | ७ |
| ३/२०७८/०७९ | व्यवस्थापक | ९ | ६ |
| ४/२०७८/०७९ | सह व्यवस्थापक | ८ | ३ |
| ५/२०७८/०७९ | नायव व्यवस्थापक | ७ | ४ |
| ६/२०७८/०७९ | सहायक व्यवस्थापक | ६ | २ |
| ७/२०७८/०७९ | सहायक "क" | ५ | २ |

१. दरखास्त फाराम पाइने तथा बुझाउने स्थान : कम्पनी लि.को प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौं । दरखास्त फारम यस कम्पनी लि.को website: http//www.rbcl.gov.np बाट Download गर्न सकिनेछ ।

२. दरखास्त दस्तुर : दरखास्त दस्तुर वापत तह ५ को लागि रु.४००/–, तह ६ र ७ को लागि रु.६००/–, तह ८ को लागि रु.८००/–, तह ९ को लागि रु.१,०००/–, तह १० को लागि रु.१,२००/– र तह ११ को लागि रु.१,५००/– यस कम्पनीको कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं.०१००२००००२८६७०१६ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नु पर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदकको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

३. दरखास्त बुझाउने अन्तिम म्याद : मिति २०७८/१०/०७ गते शुक्रबार ।

सदस्य सचिव
पदपूर्ति समिति